नलगाड नगरपालिकाबाट प्रकाशित

# नलगाड राजपत्र

खण्ड: ८ | संख्या : ३ | दल्ली जाजरकोट | मिति २०८१।०३।२१

## भाग १

## नलगाड नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### सूचना

नेपालको संविधान बमोजिम नलगाड नगरपालिकाको १४ औ नगर सभाले पारित गरेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### नलगाड नगरपालिकाको नगर शिक्षा ऐन, २०७६ (दोस्रो संशोधन)

सम्वत् २०८१ सालको ऐन नं ३

**प्रस्तावना:** राष्ट्रिय विकासका लागि नलगाड नगरपालिका अन्तर्गतका विद्यालय उमेरका सबै बालबालिकाका लागि गुणस्तरीय शिक्षा प्रदान गर्न र यस क्षेत्रमा आवश्यक पर्ने दक्ष, योग्य, सीपयुक्त जनशक्ति उत्पादन गर्न तथा सर्वसाधारण जनतालाई सर्वसुलभ ज्ञान दिन र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न यस नगरपालिकामा स्थापना भई सञ्चालन भैरहेका तथा स्थापना हुने विद्यालयहरूको व्यवस्थापनमा सुधार गर्दै विद्यालय शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान २०७२ को धारा २२६, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम नलगाड नगरपालिकाको नगरसभाबाट यो ऐन जारी गरिएको छ ।

**१.संक्षिप्त नाम, विस्तार र प्रारम्भ:-**

(क) यस ऐनको नाम"नलगाड नगरपालिका शिक्षा ऐन २०७६ रहेको छ ।

(ख) यो ऐन नलगाड नगरपालिका क्षेत्रभित्र लागू हुनेछ ।

(ग) यो ऐन तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा:**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा:-

(क)"ऐन" भन्नाले नलगाड नागरपालिका शिक्षा ऐनलाई सम्भन्नु पर्छ ।

(ख) "संघीय शिक्षा ऐन" भन्नाले संघीय संसदले बनाएको ऐनलाई सम्भन्नु पर्छ ।

(ग) "कोष" भन्नाले विद्यालय सञ्चालनका लागि खडा गरिएको कोषलाई सम्भन्नु पर्छ ।

(घ) "प्रारम्भिक बालशिक्षा" भन्नाले चारबर्ष उमेर पूरा भएका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक बाल शिक्षा सम्भन्नु पर्छ ।

(ङ) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बालशिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्भन्नु पर्छ ।

(च) "प्राथमिक शिक्षा" भन्नाले कक्षा एकदेखि कक्षा पाँचसम्म दिइने शिक्षा सम्भन्नुपर्छ ।

(छ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्भन्नुपर्छ ।

(ज) "नगरपालिका" भन्नाले नलगाड नगरपालिका सम्भन्नुपर्छ ।

(झ) "नगर सभा" भन्नाले नलगाड नगरपालिकाको नगर सभालाई सम्भन्नुपर्छ ।

(ञ) "प्रमुख" भन्नाले नलगाड नगरपालिकाको प्रमुखलाई सम्भन्नपर्छ ।

(ट) "उप प्रमुख"नलगाड नगरपालिकाको उप प्रमुखलाई सम्भन्नपर्छ ।

(ठ) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको बाबु, आमा, बाजे, बज्यै वा त्यस्ता अभिभावक नभएमा विद्यालयमा अध्ययनरत बालबालिकालाई संरक्षण गर्ने व्यक्तिहरू मध्येवाटविद्यालयको अभिलेखमा जनिएको व्यक्तिलाई जनाउँछ ।

(ड) "विशेष शिक्षा" भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्तशारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्भन्नु पर्छ ।

(ढ) "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्भन्नु पर्छ:-

(१) दृष्टिविहीन, न्यून दृष्टियुक्त बहिरा, सुस्तश्रवण, अटिज्म बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिकोअधीनमा रही दिइने शिक्षा ।

(२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि परेका/पारिएकाव्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा सम्भन्नु पर्छ ।

(ण) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्भन्नु पर्छ ।

(त) "प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषयवस्तुको सिकाई गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौदेखि कक्षा बाहूसम्म अध्यापन गराइने शिक्षालाई सम्भन्नु पर्छ ।

(थ) "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा नकमाउने प्रकृतिकोनेपाल सरकार र नलगाड नगरपालिकाबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वास्वीकृति प्राप्त विद्यालय सम्भन्नुपर्छ ।

(द) "संस्थागत विद्यालय" भन्नाले निजी पहल र लगानीमा स्थापना गरिएका नेपाल सरकारबाटनियमितरूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्भन्नु पर्छ ।

(ध) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्भन्नु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(न)"कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्भन्नु पर्छ



CamScanner

(प) "तोकिएको" वा"तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियम, कार्यविधि,निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्भन्नु पर्छ ।

(फ) "अनुमति" भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृति प्रदान गरिनसकेको कुनैतोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(ब) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार, नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(भ) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा नगरपालिकाबाट आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

(म) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्भन्नु पर्छ ।

(य) "सहकारी विद्यालय" भन्नाले कुनै सहकारी संस्थाले नाफा नलिने उद्देश्यले स्थापना गरेको सहकारीका सदस्यहरुद्वारा सञ्चालित विद्यालय सम्भन्नु पर्छ ।

(र) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रूपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रीन कार्ड सम्भन्नु पर्छ र सो शब्दले नेपाली नागरिकलाईविदेशमा स्थायी रूपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।

(ल) "तालिम केन्द्र"भन्नाले यस ऐन वमोजिम अनुमति प्राप्त गरी विभिन्न सीपमूलक तालिम प्रदान गर्नेसंस्थालाई जनाउँछ ।

(व) "पुस्तकालय" भन्नाले नेपाल सरकार/नगरपालिकाबाट अनुमति लिई संचालन भएको विभिन्न पुस्तकहरूसंग्रह गरी अध्ययन गर्न उपयुक्त हुने गरी निर्माण गरिएको संस्था जनाउँछ ।

(श) "शैक्षिक परामर्श केन्द्र" भन्नाले शैक्षिक परामर्श प्रदान गर्ने उद्देश्यले नेपाल सरकारवाट वा यस नगरपालिकाबाट अनुमति वा स्वीकृत प्राप्त संस्थालाई जनाउँछ ।

(ष)"परीक्षा समिति" आधारभूत शिक्षा उतीर्ण परिक्षा सञ्चालन समितिलाई सम्भन्नु पर्दछ ।

(स) "प्रादेशिक शिक्षा ऐन" भन्नाले प्रादेशिक संसदले बनाएको शिक्षा ऐन संभन्नु पर्दछ ।

(ह) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्भन्नु पर्दछ

(क्ष) "शिक्षा अधिकृत" भन्नाले नगरको शिक्षा शाखा प्रमुखलाई संभन्नु पर्दछ ।

(त्र) "स्रोत व्यक्ति" भन्नाले नगरपाललिकामा कामकाज गर्नेगरी काजमा खटिएको मा. वि. तृतीय श्रेणी वा सो सरहको स्थायी भइ सो तहमा कम्तिमा १० वर्ष अध्यापन गरेको सम्भन्नु पर्दछ ।

(ज्ञ) "समिति" भन्नाले नगर शिक्षा समितिलाई सम्भन्नु पर्छ ।

(ज्ञ १) "शिक्षा शाखा" भन्नाले नगरको शिक्षा शाखा सम्भन्नु पर्दछ ।

(ज्ञ२) "अनुदान" भन्नाले संघ,प्रदेश तथा स्थानीय तहबाट विद्यालयलाई एकमुष्ट प्रदान गरिने रकमलाई सम्भन्नुपर्दछ ।

(ज्ञ३)"शिक्षक महासघं" भन्नाले शिक्षक तथा कर्मचारीको पेशागत हकहितको लागि काम गर्ने साझा संगठन (ट्रेड युनियन) लाई जनाउछ ।

**३.विद्यालय खोल्न अनुमति लिनुपर्ने:-**

(१) नगरपालिका बाहेक अन्य कुनै नेपाली नागरिक वा समुदायले सामुदायिक विद्यालय तथा शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण सहित वडा कार्यालयको सिफारिस सहितनगरपालिका समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर तोकिएको अधिकारीले आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी नगर शिक्षा समितिको निर्णयमा तोकिएको अधिकारीले अनुमति दिनेछ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएका शर्त बन्देज पालन गरेको देखिएमा नगर शिक्षा समितिको सिफारिसमा तोकिएको अधिकारीले स्वीकृति प्रदान गर्नेछ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रूपमा सञ्चालनमा रहेका विद्यालयहरूले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न नगरपालिका समक्ष निवेदन दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा माग बमोजिम विद्यालय सञ्चालनगर्न नगर शिक्षा समितिको निर्णयमा अनुमति तथा स्वीकृति दिनेछ।

(६) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैन:-

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय।

(७) यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय-व्ययको लेखा तोकिए बमोजिमको ढाँचा र प्रचलित लेखाका सिद्धान्तका आधारमा अभिलेख खडा गरी मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारकोरूपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने छ। तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा नगरपालिकाको स्वीकृति लिनु पर्नेछ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालनगर्न चाहेमा नगर शिक्षा समितिले तोकिएको अधिकारीबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालनगर्न सक्नेछ।

(९) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन्।



प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(१०) माथिका उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन । तर नेपाल सरकारसँग सम्झौताभएमा त्यस्ता विद्यालयहरूलाई पनि नगरपालिकाले अनुमतिका लगि मनासिव देखेमा अनुमति दिन सक्नेछ । यसरी सञ्चालित विद्यालयहरूलाई नेपाल सरकारले जुनसुकै बेला बन्द गर्न सक्नेछ । यसप्रकारको विद्यालयलाई पनि यस दफाको १ र २ अनिवार्य हुनेछ ।

(११) प्राविधिक शिक्षा संचालन गर्ने विद्यालयको अनुमति तथा स्वीकृति संवन्धी व्यवस्था तोकिए वमोजिम हुनेछ ।

(१२) सहकारी विद्यालयको अनुमति तथा स्वीकृति सम्बन्धि व्यवस्था तोकिए वमोजिम हुनेछ ।

**४.विद्यालय सञ्चालन:**-विद्यालयको सञ्चालन तोकिए वमोजम हुनेछ ।

**५. परीक्षा सञ्चालन र व्यवस्थापन:-**

(१) माध्यमिक शिक्षाको कक्षा दश र माध्यमिक तहको अन्त्यमा हुने परीक्षाको सञ्चालन संघीय ऐन बमोजिम हुनेछ ।

(२) आधारभूत शिक्षा उतीर्ण परीक्षा नगरपालिकाले सञ्चालन गर्नेछ ।

(३) आधारभूत शिक्षा उतीर्ण परीक्षा समिति:-

आधारभूत शिक्षा उतीर्ण परीक्षाको सञ्चालन तथा व्यवस्थापन र नतिजा विश्लेषण समेतको कार्यगर्न देहाय बमोजिमको परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति रहने छ

(क) प्रमुख प्रशासकीय अधिकृत, –अध्यक्ष

(ख) सामुदायिक विद्यालयका आधारभूत तहमा अध्यापनरत शिक्षकहरु मध्येबाट २ जना महिला सहित ५ जना – सदस्य

(ग) नगर शिक्षा शाखा अधिकृत – सदस्य सचिब

(४) समितिको पदावधि दुई वर्षको हुनेछ ।

(५) समितिको बैठकमा नगर शिक्षक महासंघको अध्यक्ष वा प्रतिनीधिलाई आमन्त्रित गरिनेछ ।

(६) उपदफा ३ को (ख) बमोजिमका शिक्षकहरुलाई नगर शिक्षा समितिको सिफारिसमा मनोनित गरिने छ ।

(७) परीक्षा समितिले विषय विशेषज्ञलाई बैठकमा भाग लिन आमन्त्रण गर्न सक्ने छ ।

(८) परीक्षा समितिको सेवा सुविधा तोकिए बमोजिम हुनेछ ।

(९)परीक्षा समितिको बैठक सम्बन्धि कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**(१०)आधारभूत तह शिक्षाउतीर्ण परीक्षा परीक्षा समितिको काम,कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ :-**

(क)परीक्षा सञ्चालन सम्बन्धमा नीति निर्धारण गर्ने,

(ख)परीक्षा केन्द्र तोक्ने र केन्द्राध्यक्ष नियुक्ति गर्ने,

(ग)प्रश्नपत्र निर्माण उत्तरकुञ्जिका निर्माण,उत्तरपुस्तिका परीक्षण तथा सम्परिक्षण गराउने,

(घ) परीक्षाफल प्रकाशित गराउने तथा उतीर्ण परिक्षार्थीलाई प्रमाण पत्र दिने,

(ङ)परीक्षा शुल्क र परीक्षा सम्बन्धि काममा संलग्न ब्यक्तिको पारिश्रमिक निर्धारण गर्ने,

(च)कुनै परिक्षा केन्द्रमा अनियमितता भएमा आवश्यकता अनुसार परीक्षा बदर गरी पून:परिक्षा गराउने,वा त्यस्तो परीक्षा केन्द्र बन्द गर्ने,

(छ) दैवीप्रकोप वा अन्य कुनै कारण बाट निर्धारित समयमा परीक्षा सञ्चालन गर्न वा परिक्षाफल प्रकाशित गर्न बाधा पर्न गएमा तुरुन्तै आवश्यक निर्णय लिने,

(ज) परीक्षा समितिले आफुलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकता अनुसार केहि अधिकार कुनै उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**६. माध्यमिक शिक्षाको प्रकार:-**

माध्यमिक शिक्षा देहायका प्रकारका हुनेछन्:-

(क) साधारण माध्यमिक शिक्षा, (ख) संस्कृत माध्यमिक शिक्षा,

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

**७.विशेष शिक्षा** :- समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनसम्बन्धी व्यवस्था नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशीशिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

**८. शिक्षाको माध्यम:-**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ :-

(क) प्राथमिक शिक्षा मातृभाषामा दिन सकिनेछ,

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा तोकिएका अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ,

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ,

(घ) अनिवार्य अंग्रेजी विषय अध्ययन गराउँदा माध्यम अंग्रेजी भाषामा नै गराउनु पर्नेछ ।

**९. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक:-**

विद्यालयले संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले स्वीकृत गरेको वा तोकेको न्यूनतम मापदण्ड अनुरूपपाठ्यक्रम तथा पाठ्यपुस्तक अध्ययन अध्यापनगराउनु पर्नेछ । साथै नगरपालिकाले नगर स्तरमा स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक विकास तथा निर्माण गरी लागु गर्न सकिने छ ।

**१०. नगर शिक्षा समिति:-**

(१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको नगरशिक्षा समिति रहनेछ :-

(क) नगरपालिकाको प्रमुख वा प्रमुखको काम गर्नतोकेको व्यक्ति -अध्यक्ष

(ख) नगरपालिकाको सामाजिक विकास समितिको संयोजक -सदस्य

(ग) नगरपालिकाले तोकेको नगरकार्यपालिका सदस्यहरूमध्येबाट कम्तीमा एकजना महिला सहित दुई जना -सदस्य

(घ) विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्येबाट सामुदायिक र संस्थागत विद्यालयवाट एक/एक जना पर्ने गरी नगर शिक्षा समितिले मनोनित गरेको दुई जना -सदस्य

(ङ) समाजसेवी वा शिक्षा विद्हरूमध्येबाट नगरशिक्षा समितिले मनोनित गरेका कम्तीमा एकजना दलित तथा महिला सहित तीन जना -सदस्य

(च) शिक्षण पेशामा उच्च योगदान् पुऱ्याएका सामुदायिक विद्यालयका प्र.अ. तथा शिक्षकहरूमध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको सामुदायिक विद्यालयवाट एक जना महिला सहितदुई जना -सदस्य

(छ) नगरस्तरीय नेपाल शिक्षक महासंघको अध्यक्ष वा प्रतिनिधि १ जना - सदस्य

(ज) नगरशिक्षा अधिकृत -सदस्य सचिव

(२) समितिका पदेन सदस्य बाहेक मनोनित सदस्यको कार्यकाल दुई वर्षको हुनेछ।

(३) उपदफा (१) अन्तर्गत मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा जुनसुकै समयमा पनि हटाउन वा वर्खास्त गर्न सकिनेछ। तर त्यसरी हटाउन वा वर्खास्त गर्नु अघि मनासिब माफिकको स्पष्टीकरणको मौकावाट बञ्चित गरिने छैन।

**११. नगरशिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :-**

(क) आफ्नो कार्य क्षेत्रभित्रको शैक्षिक योजना तयार गर्ने,

(ख) नगरपालिका क्षेत्रभित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति प्रदान गर्ने,

(ग) तोकिएको मापदण्ड पूरा भएका विद्यालय सार्ने, गाभ्ने कार्यका लागि नगरकार्यपालिकालाई शिफारिस गर्ने,

(घ) विद्यालयको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने, गराउने,

(ङ) आफ्नो क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भय रहित बनाउन सहयोग गर्ने,

(च) विद्यालयले सिफारीस गरेको लेखा परीक्षकहरु मध्येवाट लेखापरीक्षकको नियुक्ति गर्ने।

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, र सचेत गराउने

(ज) शिक्षाको गुणस्तर कायम राख्ने, सूचक विकास गर्ने र प्रगति मूल्याङ्कन गर्ने,

(झ) विद्यालयहरूको सामाजिक परीक्षण गर्ने गराउने,

(ञ) सामुदायिक विद्यालयकमा शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने,

(ट) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने/गराउने,

(ठ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरू निर्धारण गर्ने,

(ड) शैक्षिक संस्थासँग आबद्ध शिक्षक कर्मचारीहरूलाई आवश्यक प्रोत्साहन,दण्ड, सजायसम्बन्धी कार्य गर्ने गराउने,

(ढ) अस्थायी करार शिक्षकहरूको छनौटको लागि विशेषज्ञहरूको छनौट गरेर सूची प्रकाशन गर्ने,

(ण) नगरपालिकाभित्र स्थापना भएका पुस्तकालय, वाचनालय र सिकाइ केन्द्रको संवर्द्धन, संरक्षण गर्ने,तथाअनुमति प्रदान गर्ने,

(त) नगर क्षेत्रभित्र अनुमति प्राप्त गरी संचालन भएका शैक्षिक परामर्श केन्द्र, विभिन्न प्रकारका कोचिङ सेन्टर आदिको अनुगमन तथा निरीक्षण,नियमन गर्ने । अनुमति माग भएमा तोकिएको पूर्वाधार पुगेका संस्थाहरूलाई अनुमति प्रदान गर्ने,

(थ) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको योजना तर्जुमा, संचालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन सम्बन्धी कार्य गर्ने गराउने,

(द) शिक्षण सिकाई, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास सम्बन्धी कार्य गर्ने गराउने,

(ध) वडा शिक्षा समितिबाट सिफारिस सहित आएका विद्यालयको शैक्षिक गुणस्तर एवं भौतिक पूर्वाधार विकासको गुरुयोजना स्वीकृत गरी लागु गराउने,

(न) विद्यालयका शिक्षकलाई तालिमको व्यवस्था गर्ने,

(प) विद्यालय नक्सांकन गर्ने,

(फ) तोकिए वमोजिमका अन्य कार्यहरू गर्ने ।

**१२.नगर कार्यपालिकाको काम, कर्तव्य र अधिकारः-** नगर कार्यपालिकाको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१३. प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकारः-**

प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१४. नगर शिक्षा अधिकृतः-**

नगर शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।

**१५.* वडा शिक्षा समितिः-**

(१) नगरका वडाभित्रका विद्यालयहरुको रेखदेख, संरक्षण, संवर्द्धन, नियमन गर्न वडास्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन हुनेछ ।

(क) नगरपालिकाको सम्वन्धित वडाका वडा अध्यक्ष -अध्यक्ष

(ख) वडा समितिका सदस्यहरूमध्येबाट वडा समितिले तोकेको एक जना महिला सदस्य -सदस्य

(ग) सामुदायिक विद्यालयको शिक्षकहरूमध्येबाट वडा शिक्षा समितिवाट छनौट भएका एक जना शिक्षक -सदस्य

(घ) सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मध्ये वडा शिक्षा समितिले तोकेका एक जना -सदस्य

(ङ) स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी मध्येबाट वडा शिक्षा समितिले मनोनित गरेको एक जना -सदस्य

(च) वडा सचिव -सदस्य

(झ) वडा भित्रको उच्चतम् विद्यालयको प्र.अ. -सदस्य सचिव

(२) वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ।

**१६.नगर शिक्षा अनुगमन समिति:-**

१. विद्यालय शिक्षाको समग्र पक्षको अनुगमन गर्न देहाय वमोजिम शिक्षा अनुगमन समिति गठन हुनेछ।

(क) नगरपालिकाको उपप्रमुख -अध्यक्ष

(ख) नगर कार्यपालिकाको सदस्यहरूमध्ये सामाजिक समिति संयोजक -सदस्य

(ग) नगर सभाका सदस्यहरूमध्येबाट नगर कार्यपालिकाले तोकेको एकजना महिला सहित दुईजना -सदस्य

(ङ) नगर भित्रका शिक्षक महासंघको अध्यक्ष वा प्रतिनिधि -सदस्य

(च) विद्यालय निरीक्षक वा निरीक्षण गर्न तोकिएको व्यक्ति -सदस्य सचिव

(२) शिक्षा अनुगमन समितिको काम, कर्तव्य र अधिकार:- शिक्षा अनुगमन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**१७. सामुदायिक सिकाई केन्द्र:-**

नगरपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ।

**१८. अनुदानको व्यवस्था:-**

(क) यो ऐन प्रारम्भ हुँदाका बखत दिइदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूचकको आधारमा नगरपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ। तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिँइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ।

(ख)सामदायिक विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्न शैक्षिक अनुदान उपलब्ध गराउन सक्नेछ।

(ग) नगरपालिकाले सामुदायिक विद्यालय तथा प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिम शर्त पूरा गरेमा थप अनुदान उपलब्ध गराउन सक्नेछ।

**१९.घुम्ती विद्यालय सञ्चालन गर्न सक्ने:-**

नलगाड नगरपालिकाले भौगोलिक विकट क्षेत्रमा तोकिए बमोजिमको घुम्ती विद्यालय सञ्चालन गर्न सकिने छ।

**२०.छात्रवृत्तिको व्यवस्था:-**

नगरपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

**२१.प्रारम्भिक बाल शिक्षासम्बन्धी व्यवस्था:-**

प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२२.स्वयंम सेवक शिक्षक तथा कर्मचारी व्यवस्था गर्ने :-**

नगरपालिकाले नगरभित्र सञ्चालित सबै तहका विद्यालयमा आवश्यकता अनुसारस्वयंम सेवक शिक्षक तथा कर्मचारी भर्ना गरिने छ ।

**२३. स्वयंम सेवक शिक्षक तथा कर्मचारी छनौट समिति:-**

(१) नगरपालिकाले नगरभित्र सञ्चालित सबै तहका विद्यालयमा आवश्यकता अनुसार स्वयंम सेवक शिक्षक तथा कर्मचारीको छनौट तथा नियुक्तिको लागि देहाय बमोजिमको समिति रहने छ:-

(क) सामाजिक विकास शाखा संयोजक -अध्यक्ष

(ख) नगर शिक्षक महासंघ अध्यक्ष वा प्रतिनीधि -सदस्य

(ग) शिक्षा शाखा प्रमुख -सदस्य सचिब

(२) उपदफा १ बमोजिम समितिको पदावधी दुई वर्षको हुनेछ ।

(३) दफा २२ बमोजिम शिक्षक, तथा कर्मचारीको छनौट गर्नको लागि विषय विज्ञहरुको छनौट उपदफा १ को समितिले गर्ने छ ।

(४) समितिको बैठक र कार्यविधि आफैलेनिर्धारण गरे बमोजिम हुनेछ ।

(५)यो नियम नलगाड नगरपालिका बाट वितरण हुने अनुदानको हकमा मात्र लागु हुनेछ ।

**२४. विद्यालय व्यवस्थापन समिति:-**

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख, व्यवस्थापन र अनुगमन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ:-

(क)अभिभावकहरुले आफूहरूमध्येबाट छानी पठाएका कम्तीमा दुईजना महिला सहित चारजना -सदस्य

(ख)विद्यालय रहेको सम्बन्धित वडाका अध्यक्ष वा निजले तोकेको व्यक्तिएकजना -सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुईजना -सदस्य

(घ) विद्यालयका शिक्षकले आफूहरू मध्येबाट छानी पठाएको एकजना प्रतिनीधी -सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(२) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड (क) र (ग) बमोजिमका सदस्यहरु मध्येबाटछानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।



CamScanner

(२) (क) *उपदफा (१) बमोजिमको समिति गठन हुन नसकेमा निर्वाचन प्रक्रिया मार्फत निर्वाचित भएको व्यक्ति सो समितिको अध्यक्ष हुनेछ ।सो प्रयोजनको लागि उपदफा १ बमोजिमका सदस्यहरु मध्येबाट अध्यक्ष छनोट हुनेगरी उपदफा (१) को खण्ड (क) र (ग) बमोजिमका सदस्यहरुमा मताधिकार रहनेछ ।

**(२) (ख) दफा २४ १ क बमोजिम छनौट भएको समितिले छनौट भएको मितिले १५ दिन भित्र उपदफा १ को (ग) बमोजिमको सदस्य मनोनित गरी सक्नुपर्नेछ । तोकीएको अवधिमा समिति गठन हुन नसकेको खण्डमा नगर शिक्षा समितिले मनोनित गरी विद्यालय व्यवस्थापन समितिको पुर्णता दिईनेछ ।

(२) (घ) सो समितिको पदावधि तीन वर्षको हुनेछ ।

(३) विद्यालय स्तरीय बालक्लवले मनोनयन गरेका एक जना बालक्लवका प्रतिनिधि आमन्त्रित सदस्यको रूपमा रहनेछन् ।

(४) प्राविधिक र व्यावसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा नगरपालिका क्षेत्रभित्रका सम्बन्धित विषय तथा व्यवसायसँग नगरस्तरका उद्योग तथा वाणिज्य महासंघका दुई जना प्रतिनिधि सदस्य रहनेछ ।

(५) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरू अपाङ्गता भएका व्यक्तिका अभिभावकहरू सदस्य रहनेछन् ।

(६) व्यवस्थापन समितिको म्याद सकिनुभन्दा कम्तीमा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन बहालवाला व्यवस्थापन समितिले गरी पदभार हस्तान्तरण गर्नु पर्नेछ । यसो हुन नसकेमा वा व्यवस्थापन समिति गठन विवादित भएमा तोकिए बमोजिम व्यवस्थापन समितिको गठन नगर शिक्षा समितिले गर्नेछ ।

(७) व्यवस्थापन समिति गठनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(८) (१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा नगर प्रमुखवाट मनोनित भएका एक जना -अध्यक्ष

(ख) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येबाट समितिले मनोनित गरेका एकजना महिला सहित दुई जना -सदस्य

(ग) विद्यालय रहेको सम्बन्धित वडा अध्यक्ष वा निजले तोकेको एकजना -सदस्य

(घ) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुई जना -सदस्य

(ङ) अभिभावकहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना -सदस्य

(च) विद्यालय निरीक्षक वा निरीक्षकको काम गर्ने तोकिएको व्यक्ति -सदस्य

(छ) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एकजना प्रतिनिधि -सदस्य

(ज) विद्यालयका प्रधानाध्यापक वा विद्यालय प्रबन्ध निर्देशक -सदस्य सचिव

(९) यस दफा बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ

(१०) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार:-

सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी नगरपालिकालाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन तथा व्यवस्थापन गर्ने गराउने

(छ) विद्यालयमा आवश्यक पर्ने अध्यापन अनुमतिपत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक सेवा आयोगबाट सिफारिस भएका शिक्षक काममा लगाउने,

(ज) नगरपालिकाबाट खटिएका शिक्षक तथा कर्मचारीलाई हाजिर गराई काममा लगाउने,

(झ) रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ञ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन नगर शिक्षा समितिमा पेश गर्ने,

(ट) तोकिए बमोजिम विद्यालय सञ्चालन गर्ने र पठनपाठन गर्ने, गराउने,

(ठ) नगर शिक्षा समितिले दिएको निर्देशनहरूको पालना गर्ने,

(ड) विद्यालयको आन्तरिक स्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्ति वा बढुवा गरेका शिक्षकको लागि सेवा, शर्त र सुविधा तोक्ने ।

(ढ) विद्यालयले गरेका वार्षिक क्रियाकलापको सामाजिक परीक्षण गराउने ।

(ण) विद्यालयको शैक्षिक गुणस्तर एवं भौतिक पूर्वाधार विकासका लागि गुरुयोजना बनाई पेश गर्ने ।

(११) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) विद्यालयले नेपाल सरकार, नगरपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रूपमा लागू गर्ने, पाठ्यक्रमलाई सहयोग पुग्ने खालका स्वीकृत सन्दर्भ स्रोत सामग्री प्रयोग गर्ने,

(च) तोकिए बमोजिम विद्यालय सञ्चालन र पठनपाठन गर्ने, गराउने,

(छ) अध्यापन अनुमतिपत्र लिई प्रचलित कानून बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(ज) नेपाल सरकारले तोकेको न्यूनतम तलब स्केलमा नघटाई शिक्षकलाई तलब दिने,

(झ) आचारसंहिता विपरीत कार्य गर्ने शिक्षक/कर्मचारीलाई कारबाही गर्ने,

(ञ) शिक्षा ऐन तथा नियमावली तथा अन्य कानूनमा उल्लिखित व्यवस्थाका अतिरिक्त नगरपालिकावाट जारी शिक्षा क्षेत्रसँग सम्बन्धित सवै नियम, नीति तथा निर्देशनहरूको पालना गर्ने,

(ट) शैक्षिक गुठी तथा सहकारी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(ठ) अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन तथा व्यवस्थापन गर्ने गराउने ।

(१२) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठकसम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(१३) सहकारी विद्यालय व्यवस्थापन समितिको गठन, काम कतर्व्य अधिकार तोकिए बमोजिम हुनेछ ।

**२५.* विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने:-**

(क) कुनै विद्यालयको व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेको निष्कर्ष सहित शिक्षा अनुगमन समिति मार्फत नगर शिक्षा समितिमा पेस भएमा नगर शिक्षा समितिले उक्त प्रतिवेदन उपर छानविन गर्नेछ । नगर शिक्षा समितिको छानविनले समेत तोकिएको जिम्मेवारी पूरा गर्न नसकेको निष्कर्ष निकालेमा नगर शिक्षा समितिले नगर कार्यपालिका समक्ष उक्त विद्यालय व्यवस्थापन समिति विघटन गर्न सिफारिस गर्नेछ। नगरपालिकाले त्यस्तो विद्यालय व्यवस्थापन समिति तोकिएको प्रकृया पुऱ्याई विघटन गर्न सक्नेछतर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(ख) उपदफा (क) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न नगर शिक्षा समितिले एक अन्तरिम विद्यालय व्यवस्थापन समिति गठन गर्नसक्नेछ ।

**२६. विद्यालयको विनियमावली:-**

(क) यो ऐन र प्रचलित कानूनको अधीनमा रही प्रत्येक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन प्रक्रिया लगायतका अन्य सान्दर्भिक विषय वस्तु समावेश गरिएको संस्थागत विद्यालयले विधान र सामुदायिक विद्यालयले विनियमावली बनाई लागू गर्नु पर्नेछ ।



CamScanner

(ख) अभिभावक सभाले विधान/विनियमावली आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ तर संस्थागत विद्यालयको हकमा शिक्षा ऐन, कम्पनी ऐन तथा गुठीसँग नबाझिने गरी संचालक, लगानीकर्ताहरुको सभाले विधान संशोधन गर्नसक्नेछ ।

(ग) विधान/विनियमावली अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक/प्रवन्धक लगायत अन्य सबैको कर्तव्य हुनेछ ।

(घ) अध्यावधिक विधान/विनियमावलीको प्रमाणित प्रतिलिपि पारित भएको मितिबाट २१ दिनभित्र व्यवस्थापन समितिले नगरपालिकाको कार्यालयमा पेस गर्नु पर्नेछ ।

**२७. नगर शिक्षा विकास कोष:-**

(१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागि नगरस्तरमा एक नगर शिक्षा विकास कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्:-

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(घ) नगरपालिकामा स्थापित शैक्षिक विकास कोषको रकम,

(ङ) संस्थागत विद्यालयबाट प्राप्त विद्यालयको वार्षिक कूल आम्दानीमध्ये तोकिए बमोजिमको रकम,

(च) दान, दातव्य, पुरस्कार र चन्दाबाट प्राप्त रकम,

(छ) सरकारी तथा गैरसरकारी संघ संस्थाबाट प्राप्त रकम,

(ज) दातृ निकायबाट प्राप्त रकम

(झ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३)उपदफा (२) बमोजिम नगर शिक्षा विकास कोषमा प्राप्त रकम नगर शिक्षा समितिको निर्णय अनुसार वितरण हुने छ ।

**२८.विद्यालय कोष:-**

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहायका रकम हरु हुनेछ:-

(क) संघिंय सरकार, प्रादेशिक सरकार र नगरपालिकाबाट प्राप्त अनुदान,

(ख) नगरपालिकाको शिक्षा विकास कोषबाट प्राप्त अनुदान,

(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम र

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तथा सामाजिक लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

**२९.नगरपालिकाले निर्देशन दिन सक्ने:-**



मुख्य प्रशासकीय अधिकृत

(क) नगरपालिकाले नगर शिक्षा समितिलाई तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरू दिनसक्नेछ ।

(ख) नगरपालिकाले विद्यालय व्यवस्थापन समितिलाई तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरूदिन सक्नेछ ।

(ग) उपदफा (क) बमोजिम दिइएको निर्देशनको पालना गर्नु नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**३०.*स्रोत व्यक्ति /शिक्षक राख्न सक्ने:-**

(क) नगरपालिकाले नगरपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न अनुगमन निरीक्षण र सहजीकरणको लागि स्रोत व्यक्तिको व्यवस्था गर्न सक्नेछ ।

**३१. नगर कार्यपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने:-**

नगर कार्यपालिकाले स्वीकृत मापदण्डको आधारमा हाल सञ्चालनमा रहेका कुनै विद्यालयलाई विद्यार्थी संख्या, सेवा क्षेत्रको जनसंख्या, संवन्धित विद्यालयहरुको सहमति र स्वीकृतिको आधारमा एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न, वा कुनै विद्यालयको कुनै तह हटाउन वा कुनै कक्षाको संचालन अनुमति रद्ध गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति प्रदान गर्न सक्नेछ ।

**३२. विद्यालयको सम्पत्ति:-**

(क) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति नगर शिक्षा समितिको निर्णयअनुसार व्यवस्थापन हुनेछ ।

(ख) शैक्षिक गुठी र सहकारी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठी वा सहकारी विद्यालयको रूपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरूप परिवर्तन गर्न पाइने छैन ।

(ग) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(घ) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकाको अनुमति लिनुपर्नेछ । तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिका मार्फत नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(ङ) नेपाल सरकारको वा नगरपालिकाको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको/नगरपालिकाको स्वीकृति बेगर बेचबिखन गर्न पाइने छैन ।

**३३. विद्यालयलाई छुट र सुविधा:-**



CamScanner

(क) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक विद्यालय र सहकारी तथा शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेसन दस्तुर लाग्ने छैन ।

(ख) उपदफा (क) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले/नगरपालिकाले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(ग) सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको शैक्षिक उपलब्धि स्तर बृद्धि गर्न र विद्यालय स्रोतबाट तलब, भत्ता खाने गरी नियुक्ति गरिएका शिक्षक/कर्मचारीको पारिश्रमिकको खर्च जुटाउने गरी विद्यालयले आफ्नो स्रोतमा निमार्ण गरेका आयआर्जन हुने सम्पत्ति जस्तै माछापोखरी, सटरहरु आदिको विविध कर र विद्यालयको जग्गा मालपोत (तिरो) दस्तुर छुट हुनेछ । तर यस्ता कार्य गर्दा नगरपालिकाबाट स्वीकृति लिनुपर्नेछ ।

(घ) सामुदायिक विद्यालयहरुले भवन निमार्ण गर्दा अनिवार्य रुपमा नगरपालिकाबाट नक्सा पास गरी भवन निर्माण अनुमति प्राप्त गर्नु पर्नेछ । यसरी नक्सा पास गर्दा लाग्ने नक्सापास दस्तुर छुट हुनेछ ।

(ङ) सामुदायिक विद्यालय र शैक्षिक गुठी तथा सहकारीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

**३४. अनुमति वा स्वीकृति रद्द गर्ने:-**

कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा तोकिएको अधिकारीले तोकिएको प्रक्रिया पूरा गरी त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिनेछैन ।

**३५. विद्यालयको वर्गीकरण:-**

विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

**३६. शुल्कसम्बन्धी व्यवस्था:-**

(क) नेपाल सरकारले नि:शुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयलेविद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(ख) उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै अभिभावकले दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयलाई दिन सक्नेछ ।

(ग) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्म नि:शुल्क शिक्षा प्रदान गर्नको लागि नगरपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(घ) उपदफा (क) बमोजिम नि:शुल्क शिक्षा घोषणा गरेको विद्यालय बाहेकको अन्य विद्यालयमा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(ङ) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुन: सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।



CamScanner

(च) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(छ) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क निर्धारण विधि तोकिए बमोजिम हुनेछ ।

(ज) सहकारी विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क निर्धारण विधि तोकिए बमोजिम हुनेछ

(झ) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई उक्त शुल्क फिर्ता गराई नगर प्रमुखले पच्चिस हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

**३७. शिक्षकको पेशागत महासंघसम्बन्धी व्यवस्था:-**

सामुदायिक विद्यालयका शिक्षकहरूको पेशागत हकहितको सम्बन्धमा कार्य गर्न नगर क्षेत्रभित्र तोकिए बमोजिमको साझा संगठनको रुपमा एक शिक्षक महासंघ रहनेछ ।

**३८. शिक्षक तथा कर्मचारीको पदीय आचारण सम्बन्धी व्यवस्था:-**

(१) शिक्षक वा कर्मचारीलाई देहायको अवस्थामा तोकिएको अवस्था पुरा गरी नियुक्ति गर्ने अधिकृतले हटाउन सक्नेछ ।

(क) तोकिए बमोजिमका पदीय दायित्व पूरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक/मदिराजन्य पदार्थ सेवन गरी आएको प्रमाणित भएमा वा विद्यालयभित्र सूर्तीजन्यपदार्थ सेवन गरेमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएमा,

(ङ) भ्रष्टचारजन्य अपराध गरेको प्रमाणित भएमा ।

(च) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेमा,

(छ) शिक्षक वा कर्मचारीहरूले व्यावसायिक हक हितका नाममा अमुक राजनैतिक दलको मात्र हितवा विरोधमा कार्य गर्ने संगठनका गतिविधिमा संलग्न भएमा ।

(२) उपदफा (१) वमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने पर्याप्त प्रमाण प्राप्त भएमा तोकिएको अधिकारीले निजलाई पदबाट हटाउन सक्नेछ । तर कार्यरत पदवाट हटाउनु अघि मनासिव माफिकको स्पष्टीकरणको मौका भने प्रदान गरिने छ ।

**३९. स्थायी आवासीय अनुमति लिन नहुने:-**

सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरूले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन । स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरूलाई दिइने दण्ड तथा सजाय तोकिए बमोजिम हुनेछ ।

**४०. शैक्षिक योग्यता:-**

विद्यालयको शिक्षकको लागि चाहिने न्यूनतम शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ

**४१. शिक्षक विद्यार्थीको अनुपात:-**

नगरपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम हुनेछ ।

**४२. शिक्षकलाई अन्य काममा लगाउन नहुने:-**

(क) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(ख) उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भएता पनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचनसम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार,नगरपालिका र शिक्षा यूवा तथा खेलकुद शाखाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

**४३. निलम्बन तथा पुन: बहाली हुन सक्ने :-**

(क) दफा ३७ मा उल्लेख भएका कुनै पनि कसुरमा सम्बन्धित अदालतमा अभियोग पत्र दायर भएमा स्वत: निलम्बन भएको मानिनेछ ।

(ख) दफा ३७ मा उल्लेख भएका कुनै वा केही आरोपमा सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक/कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुन: बहाली हुन सक्नेछ ।

(ग) उपदफा (ख) बमोजिम पुन: बहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुन:बहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब वृद्धि समेत पाउनेछ ।

**४४. * शिक्षकको नियुक्ति र सरुवा:-**

(१)विद्यालयमा रिक्त दरबन्दि तथा राहत शिक्षक दरवन्दीमा अस्थायी तथा करार नियुक्तिको व्यवस्था तोकिए बमोजिम हुनेछ । स्थायी शिक्षकको नियुक्ति तथा पदस्थापना संघीय शिक्षक सेवा आयोग तथा प्रादेशिक शिक्षक सेवा आयोगले तोके बमोजिम हुनेछ ।

(२) सरुवा हुन चाहाने शिक्षक तथा कर्मचारी तोकिए बमोजिमको निबेदन फारम भरी नगरपालिकामा निवेदन दिनुपर्नेछ,

(३)उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा शिक्षा शाखाले दरबन्दी रित्त र विषय मिल्ने देखिएमा त्यस्तो शिक्षकलाई नगर भित्र काज सरुवा गर्न सक्नेछ । तर त्यसरि काज सरुवा गर्दा नगरपालिकाको सहमति र नगर शिक्षा समितिको निर्णय लिनुपर्नेछ ।

(४) उपदफा २ र ३ मा जुनसुकै कुरा लेखिएको भएता पनि साविकको दरबन्दि र विषयमा असर नपर्ने गरी दरबन्दि मिलान गर्दा वा तोकिए बमोजिमको विशेष कारणबश कुनै शिक्षकलाई उक्त विद्यालयबाट सरुवा गर्नु परेमा त्यस्तो शिक्षकलाई नगर शिक्षा समितिले आवश्यक ठानेमा निश्चित अवधिको लागि नगर भित्रको कुनैपनि विद्यालयमा काज सरुवा गर्न सक्नेछ ।



CamScanner

(५)उपदफा (४)बमोजिम सरुवा भएको शिक्षकले उक्त निर्णयको पालना गर्नुपर्नेछ, अन्यथा विभागिय कार्वाहीहुनेछ ।

**४५. * दरवन्दी मिलान:-**

तोकिएको मापदण्डको आधारमा नगर शिक्षा समितिले तोकिएको प्रक्रिया पुरा गरी दरबन्दी मिलान गर्न सक्नेछ ।

**४६. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्नेः-**

(क) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रूपमा विपन्न, अपाङ्गता भएकाहरू, महिला, दलित, जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(ख) उपदफा (क) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको अध्यक्ष, विद्यालयको प्रधानाध्यापक, शिक्षा हेर्ने अधिकृत वा निजको प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावकको प्रतिनिधित्व रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ

(ग) समितिले छनौटको लागि आधार, शर्त र प्रक्रिया तयार गरी सो विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक गरी छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(घ) समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नु पर्नेछ ।

**४७. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुनेः-**

दफा ४२ मा उल्लेखित अवस्थामा वा नियमानुसार विदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैनन् र त्यस्तो अवधी निजको सेवामा समेत गणना हुने छैन ।

**४८. प्रधानाध्यापक, सहायक प्रधानाध्यापक तथा कर्मचारीसम्बन्धी व्यवस्था:-**

(क) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक, एक सहायक प्रधानाध्यापक र कर्मचारीको दरबन्दी रहनेछ ।

*(ख) सामुदायिक विद्यालयको प्राधानाध्यापक नियूक्ति गर्दा विद्यालय व्यबस्थापन समितिको सिफारिसमा नगर शिक्षा समितिले प्रधानाध्यापक नियूक्ति गर्ने छ ।

*(ग) उपदफा ख बमोजिम विद्यालय व्यबस्थापन समितिले प्रधानाध्यापक सिफारिस गर्दा सम्बन्धित तहको स्थायी शिक्षकहरु मध्ये जेष्ठता र कार्यक्षमताको आधारमा नगर शिक्षा समितिलाई सिफारिस गर्नुपर्ने छ ।

*(घ) उपदफा (ख) र (ग) बमोजिम नियुक्ति भएका प्रधानाध्यापकले आफ्नो पदिय जिम्मेवारी वहन गर्न नसकेको भनि निरीक्षकको प्रतिवेदन अनुसार विद्यालय ब्यबस्थापन समितिले सिफारिस गरेको अवस्थामा जुनसुकै बेला पनि नगर शिक्षा समितिले निजलाई पदमुक्त गर्न सक्नेछ । त्यसरी पदमुक्त गर्दा सफाई पेश गर्ने मौका दिईनेछ ।



CamScanner

(ङ) उपदफा (क) बमोजिमका प्रधानाध्यापक, सहायक प्रधानाध्यापक र कर्मचारी नियुक्ति, सेवा, सर्त र सुविधासम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४९. बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने:-**

(क) सामान्यतया कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाईनेछैन ।

(ख) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

**५०. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालन:-**

(क) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(ख) उपदफा (क) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५१. प्रगति विवरण बुझाउनु पर्ने :-**

विद्यालयले प्रत्येक बर्ष बार्षिक रुपमा तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण नगरपालिकामा बुझाउनु पर्नेछ ।

**५२. लेखा र लेखापरीक्षण:-**

विद्यालयले प्रचलित कानूनको अधीनमा रहि लेखा राख्नुपर्नेछ ।लेखा परीक्षण तोकिए बमोजिम हुनेछ ।

**५३. पुरस्कार तथा दण्ड सजाय:-**

(क) पुरस्कार:

(१) नगरपालिकाले प्रत्येक वर्ष नगरभित्रका उत्कृष्ट विद्यालय, विद्यार्थी, शिक्षक, कर्मचारी र समितिलाई सम्मान र पुरस्कार दिन सक्नेछ ।

(२) नगरपालिकाले शिक्षक, कर्मचारीलाई कार्यसम्पादनको आधारमा थप सेवा सुविधा दिन सक्ने छ ।

(ख) दण्ड सजाय:

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई नगर प्रमुखले बिगो असुल गरी बिगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी रु.एकलाख रूपैयाँ सम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुन सक्नेछ ।

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्ने प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरुको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथापूर्व तयारी कक्षा सञ्चालन गरेमा,

(झ) कानून विपरीतको अन्य कार्य गरेमा,

(३) कानून बमोजिमको कसुरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ ।

**५४. मुद्दा हेर्ने अधिकारी:-**

यो ऐन वा यस ऐन अन्तरगत बनेको नियम बमोजिम सजाय गर्ने अधिकार प्रमुखलाई हुनेछ ।

**५५. पुनरावेदन:-**

प्रमुखले गरेको सजायको आदेश उपर सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

**५६.नियम बनाउन सक्ने :-**

(क) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(ख) यस ऐनको कार्यान्वयनको लागि नगर शिक्षा समितिले आवश्यक नियमावली, कार्यविधी तथा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

**५७. संक्रमणकालीन व्यवस्था:-**

(क) यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म नगरकार्यपालिकाले गर्न सक्नेछ ।

(ख) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा करार शिक्षकको विज्ञापनको अनुमति तोकिए बमोजिम हुनेछ ।

**५८. अधिकार प्रत्यायोजन:-**

यस ऐन बमोजिमका अधिकारहरुको प्रयोग सम्बन्धमा तोकिए बमोजिम अधिकार प्रत्यायोजन गर्न सकिनेछ ।

**५९. बाधा अडकाउ फुकाउने अधिकार:-**

(क) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।



CamScanner

(ख) यो ऐन प्रारम्भ हुँदा कायम रहेका वा रिक्त भएका विद्यालय व्यवस्थापन समितिले यो ऐन जारी भएको १ महिना भित्रमा यसै ऐन बमोजिम पुनर्गठन वा नयाँ समिति गठन गर्नुपर्नेछ यदि नगरेमा समिति स्वतः निस्क्रिय भएको मानिनेछ ।

६०. बचाऊ र लागू नहुने:-

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित संघीय कानून बमोजिम हुनेछ ।

(ख) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्नेछैन ।

(ग) संविधान, संघीय कानून र प्रदेश कानून सँग बाझिएमा यस ऐनका दफा तथा उपदफाहरू बाझिएको हदसम्म स्वतः निस्क्रिय हुनेछ ।

(घ) साझा अधिकारका सम्वन्धमा संघीय शिक्षा ऐन, प्रादेशिक शिक्षा ऐनले व्यवस्था गरे अनुसार हुनेछ ।

(ङ) यस अघि कानून वमोजिम नियुक्त शिक्षक कर्मचारीहरूलाई नेपाल सरकारले दिदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन ।

तर, यो व्यवस्थाले कानुन वमोजिम दण्ड, सजाय र कारवाही गर्न बाधा पर्ने छैन ।

(च) यस अघि लागु भएको नगर शिक्षा कार्यविधि २०७४ खारेज भएको छ ।

नलगाड नगर सभाद्धारा पारित नलगाड नगरपालिका शिक्षा सम्वन्धी विधेयक, २०७९ गाउँ सभा र नगर सभाको कानून निर्माण प्रक्रियाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा २४ को उपदफा (१) बमोजिम सभाध्यक्ष श्री डम्बर बहादुर रावतबाट प्रमाणिकरण गरिएको छ ।

आज्ञाले

नाम: दिनेश भट्टराई

पद: प्रमुख प्रशासकीय अधिकृत

मिति: २०८१/०३/१०

पृष्ठसंख्या : २२

दस्तखत :